

अबको प्रश्न
राहतमा
पारदर्शिता

✍ **खगेन्द्र कार्की**
khagendrakarki075@gmail.com

(२)

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
**राजकुमार श्रेष्ठ**
९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २३० ❑ २०८३ भाद्र २० गते शनिबार ❑ Saturday, 5 Sept. 2026 ❑ मूल्य ७ /-

## कोशी प्रदेशका १ लाख ६३ हजार घरहरू विपद्को जोखिममा

# छैन स्थानान्तरणमा स्थानीय तहको तयारी

**(झापा, मोरङ र सुनसरी सबैभन्दा बढी संवेदनशील, झापामा १९ हजार ४ सय ४१ घरहरू बाढीको जोखिममा रहँदा २ हजार २ सय ५० घरहरूलाई अन्यत्र सार्नुपर्ने अवस्थामा )**

✍ पूर्वसन्देश समाचार

**दमक/** कोशी प्रदेश सरकारले सार्वजनिक गरेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य प्रदेश कार्ययोजना अनुसार प्राकृतिक विपत्ती, बाढी, पहिरो र हिमताल विष्फोटबाट हुनसक्ने बाढीबाट प्रदेशभर कुल १ लाख ६३ हजार २ सय ९९ घरहरु प्रत्यक्ष प्रभावित हुने र विपद्को जोखिममा पर्ने उल्लेख गरेको छ । आन्तरिक मामिला तथा कानून मन्त्रालयद्वारा तयार पारिएको प्रतिवेदन अनुसार प्रदेशका १४ वटै जिल्लाका १ लाख ४५ हजार ९ सय ६२ घरहरु बाढी, पहिरो र हिमताल विस्फोटनको उच्च जोखिममा छन् भने जोखिमयुक्त क्षेत्रमा रहेका १७ हजार ३ सय ३७ घरहरूलाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने अवस्था छ ।



प्रदेशमा बाढीबाट मात्रै १ लाख १० हजार ४ सय २१ घरहरु प्रभावित हुने प्रक्षेपण गरिएको छ । जसमध्ये १५ हजार ६० घरहरूलाई तत्काल स्थानान्तरण गर्नुपर्ने आवश्यकता छ । त्यस्तै, पहाडी तथा हिमाली भूभागमा जाने पहिरोका कारण २३ हजार ९ सय ३१ घरहरु जोखिममा रहेका छन् र तीमध्ये २ हजार २ सय ७७ घरहरूलाई सुरक्षित ठाउँमा नसारे ठूलो क्षति हुने देखिएको छ । हिमाली तथा नदी तटीय क्षेत्रमा हिमताल विस्फोटनबाट आउन सक्ने बाढीका कारण ११ हजार ६ सय १० घरहरु जोखिमको सूचीमा परेका छन् ।

बाढी र डुबानको कारण तराईका तीन जिल्ला मोरङ, सुनसरी र झापा सबैभन्दा बढी संवेदनशील देखिएका छन् । यी जिल्लाहरूमा वर्षायाममा मात्रै नभएर हिउदमा पनि सम्भावित जोखिम रहेको जनाइएको छ । मोरङमा बाढीका कारण ४२ हजार ५ सय १७ घरहरु जोखिममा छन् भने ४ हजार ५ सय ९६ घर परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्नुपर्ने उल्लेख छ । सुनसरीमा बाढीबाट ३० हजार ५ सय १२ घरहरु जोखिममा छन् भने प्रदेशभरिमै सबैभन्दा बढी ६ हजार ९ सय १९ घरहरूलाई तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्था छ । झापामा १९ हजार ४ सय ४१ घरहरु बाढीको जोखिममा रहँदा २ हजार २ सय ५० घरहरूलाई अन्यत्र सार्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । यसैगरी उदयपुरमा ७ हजार ५ सय ४४ घरहरु बाढीको जोखिममा छन् र ५ सय ३७ घरहरूलाई स्थानान्तरण गर्नुपर्नेछ ।

पहिरोको दृष्टिकोणले पहाडी जिल्ला पाँचथर सबैभन्दा बढी जोखिमयुक्त पाइएको छ । जहाँ ३ हजार ७ घरहरु पहिरोको खतरामा छन् र ५४ घरहरूलाई अन्यत्र सार्नुपर्नेछ । संखुवासभामा २ हजार ६ सय ५० घरहरु पहिरोको जोखिममा रहँदा प्रदेशमै सबैभन्दा बढी ४ सय ४६ घर परिवारलाई तत्काल स्थानान्तरण गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

सोलुखुम्बुमा २ हजार ५ सय ७४ घरहरु जोखिममा र १ सय ३० घरहरु स्थानान्तरण गर्नुपर्ने अवस्थामा छन् । सुनसरीको पहाडी क्षेत्रमा २ हजार ४ सय २९, धनकुटामा २ हजार ९३, ताप्लेजुङमा २ हजार २७, ओखलढुंगामा १ हजार ९ सय ६१, इलाममा १ हजार ८ सय ६१, भोजपुरमा १ हजार ४ सय २३, खोटाङमा १ हजार ४ सय ९ र उदयपुरमा १ हजार ३ सय ७७ घरहरु पहिरोको जोखिममा रहेका छन् । मोरङमा ५ सय ७०, तेह्रथुममा २ सय ८६ र झापामा २ सय ६४ घरहरु पहिरोको जोखिममा रहेको तथ्यांक छ ।

हिमताल विस्फोटनबाट आउन सक्ने बाढीको जोखिम भने उदयपुर र सुनसरीमा बढी देखिएको छ । उदयपुरका ३ हजार ५ सय ६२ र सुनसरीका ३ हजार ३१ घरहरु हिमताल बाढीको प्रत्यक्ष जोखिममा छन् । यस्तै, ओखलढुंगाका १ हजार ९ सय ४१, ताप्लेजुङका १ हजार १ सय २१, सोलुखुम्बुका ८ सय ८३, खोटाङका ४ सय ३०, भोजपुरका २ सय ७५, पाँचथरका १ सय ४७, संखुवासभाका १ सय ४० र धनकुटाका ८० घरहरु हिमताल विस्फोटको जोखिममा रहेका छन् ।

प्रतिवेदन अनुसार इलाममा पहिरो र बाढी गरी कुल २ हजार ९ सय १० घरहरु जोखिममा छन् भने ६ सय ८ घरहरूलाई स्थानान्तरण गर्नुपर्नेछ । धनकुटामा ३ हजार ८ सय ३३ घरहरु जोखिममा रहँदा २ सय ३६ घरहरु बाँकी 4 पेजमा ▸▸

# नौ दिनपछि जीवितै दुई जनाको उद्धार



***दमक/** त्रिशूली ३ 'ए' जलविद्युत आयोजनाको सुरूङमा फसेका २ जनालाई जीवितै उद्धार गरिएको छ । नेपाली सेना र सशस्त्र प्रहरीको आयोजनाको सुरूङबाट २ जनालाई शुक्रबार बिहान जीवितै उद्धार गरेको हो । जीवित उद्धार गरिएकाहरूमा सप्तरीका सञ्जय शाह र कविर महर्जन छन् । सञ्जय नेपाल विद्युत प्राधिकरणका मेकानिकल फोरम्यान र कविर प्राधिकरणकै सुपरभाइजर हुन् । भदौ १० गते तिब्बत हुँदै आएको भीषण बाढीपछि सुरूङमा फसेका २ जनालाई ९ दिनपछि जीवितै उद्धार गरिएको हो । सुरूङमा फसेका अन्यको पनि खोजी भइरहेको छ ।*

# बाढीबाट झन्डै ४ खर्बको क्षति अनुमान

## पुनर्स्थापनाका लागि ७ अर्ब ९५ करोड आवश्यक

**दमक/** रसुवाको भोटेकोशी नदीमा भदौ १० गते आएको विनाशकारी बाढीबाट ३ खर्ब ८७ अर्ब ५४ करोड रूपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ ।

गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बिहीबार गरेको नियमित प्रेस ब्रिफिङमा यस्तो जानकारी दिएको हो ।

प्राधिकरणका कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले बाढीबाट भवन, बस्ती, पुल, स्वास्थ्य, शिक्षा, कृषि, ऊर्जा, विद्युत् र दूरसञ्चार लगायतका क्षेत्रमा ठूलो क्षति पुगेको बताए ।

उनका अनुसार प्रभावित क्षेत्रको प्रारम्भिक पुनःस्थापना अर्थात् 'अर्ली रिकभरी'का लागि आगामी चार महिनामा ७ अर्ब ९५ करोड रूपैयाँ आवश्यक पर्ने अनुमान गरिएको छ ।

उप्रेतीले भने, 'सबै क्षेत्रमा अहिले ३ खर्ब ८७ अर्ब ५४ करोड रूपैयाँ बराबरको क्षति भएको डेटा आएको छ । अर्ली रिकभरीका लागि आगामी चार महिनामा ७ अर्ब ९५ करोड रूपैयाँ लाग्ने अनुमान गरेका छौं ।' उनका अनुसार खोजी, उद्धार तथा राहत वितरणसँगै क्षतिको विवरण संकलन गर्ने काम पनि जारी छ ।

## कांग्रेसभित्र विवाद मिलाउने अन्तिम प्रयास

# वडा अधिवेशन एक साता सार्ने तयारी

**दमक/** नेपाली कांग्रेसभित्रको विवाद मिलाउने प्रयासमा नेताहरु लागेका छन् । गत पुस अन्तिम साता भएको विशेष महाधिवेशनलाई निर्वाचन आयोगले मान्यता दिएपछि सुरू विवादको समाधान गर्ने अन्तिम प्रयासमा नेताहरु लागेका हुन् ।

विवाद मिलाउनकै लागि केन्द्रीय निर्वाचन समितिले तय गरेको भदौ २४ गतेको वडा अधिवेशन सार्ने तयारी भएको छ । 'विवाद मिलाएर अगाडि बढ्नका लागि केही दिन वडा अधिवेशन सार्ने विषयमा कुराकानी भइरहेको छ,' एक पदाधिकारीले भने, 'सम्भवतः असोज २ गतेसम्म सर्छ होला ।' अनौपचारिक



कुराकानी गर्न भन्दै शनिबारका लागि बोलाइएको कार्यसम्पादन समिति बैठक पनि एक दिनका लागि सारिएको छ । पार्टी केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव बाँकी 4 पेजमा ▸▸

# व्यावसायिक स्कुस खेतीतर्फ इलामका किसानको आकर्षण

**इलाम/** देशका इलाम, ताप्लेजुङ, पाँचथर, तेह्रथुम, धनकुटा, सत्तुवासभा, भोजपुर, खोटाङ, ओखलढुङ्गा, उदयपुर, सिन्धुली, रामेछाप लगायतका जिल्लामा उपयुक्त हावा पानी भएकाले स्कुसको राम्रो उत्पादन भएको पाइन्छ ।

पूर्वी नेपालका जिल्लमा उत्पादित स्कुस व्यापारीले झापा, मोरूङ र सुनसरीहुँदै भारतीय बजारमा लैजाने गरेका छन् । इलामका किसानले नेपालको मध्य पहाडी र उच्च भेगमा समेत उत्पादन हुने बहुगुणी तरकारी स्कुसबाट राम्रो आम्दानी गरिरहेका छन् । कम मेहनतमा राम्रो आम्दानी हुने भएपछि यहाँका किसान स्कुस खेतीतर्फ आकर्षित भएका हुन् ।

वैशाखदेखि कात्तिकसम्म उत्पादन हुने स्कुसबाट किसानले मनग्य आम्दानी गरिरहेका छन् । यहाँका किसानले नगदेबालीको रूपमा व्यावसायिक स्कुस खेती गरिरहेको पाइएको



छ । सूर्योदय नगरपालिका-८ किसान दिनेश महतले ४० रोपनी क्षेत्रफलमा व्यावसायिक स्कुस खेती गर्दै आएका छन् । चार वर्षदेखि व्यावसायिक स्कुस खेती गर्दै आएका महतको आम्दानीको मुख्य स्रोत नै स्कुस बनेको छ । उनले विस २०७९ मा 'बीएन्डएम कृषि तथा पशुपालन फार्म' दर्ता गरी व्यावसायिक स्कुस खेती सुरू गरेका हुन् ।

स्कुस बेचेर उनले वार्षिक रू १२ लाखसम्म आम्दानी गर्दै आएका छन् । 'मैले चार वर्षदेखि व्यावसायिक स्कुस खेती गर्दै आएको छु, अहिले ४० रोपनी क्षेत्रफलमा स्कुस खेती विस्तार गरेको छु,' उनले भने, गत वर्ष रू १२ लाखको स्कुस बेचेको थिएँ, यस वर्ष धमाधम बिक्री भइरहेको छ । सूर्योदय नगरपालिका-९ आरीदाङका प्रेमबहादुर खड्काले २५ रोपनी क्षेत्रफलमा व्यावसायिक स्कुस खेती गर्दै आएका छन् ।

# हंसे दुम्से सामुदायिक वनको निर्वाचनका लागि मनोनयन

**दमक/** हंसे दुम्से सामुदायिक वन उपभोक्ता समितिको नयाँ कार्यसमिति तथा लेखा समितिको निर्वाचनका लागि उम्मेदवारी मनोनयन सम्पन्न भएको छ। भोलि २१ गते हुने निर्वाचनका लागि अध्यक्ष पदमा योगराज दंगाल र भागवतप्रसाद दुलाल, उपाध्यक्षमा चन्द्रवीर विश्वकर्मा र नन्दीकेशर ढंगाल, सचिव महिला पदमा 'सुष्मा अधिकारी र टुकाकुमारी बस्नेत अधिकारी (दिक्षा)'ले मनोनयन दर्ता गरेका छन्।

यसैगरी सहसचिव पदमा मनोज बस्नेत, टंकप्रसाद सापकोटा (दिनेश) र चुडेन्द्रकुमार खड्का तथा कोषाध्यक्ष पदमा मायादेवी कोइराला सिग्देल र कल्पना राईको उम्मेदवारी परेको छ। यसैगरी, लेखा समितिको संयोजक पदमा ठाकुरप्रसाद लुइटेल र श्यामप्रसाद आचार्यले उम्मेदवारी दिएका छन्। लेखा समिति सदस्यमा तुलसीराम सापकोटा, नवीनसिंह खड्का, युवराज खनाल र जगत्बहादुर श्रेष्ठको उम्मेदवारी परेको छ। १६ जनाको कार्यसमितिमा २७ जनाले मनोनयन गरेको कुरा निर्वाचन समिति सदस्य रामचन्द्र अधिकारीले बताएका छन्।

# दुर्घटनामा एकको मृत्यु

**इलाम/** बेलिब्रिजको सामग्री बोकेको ट्रक शुक्रबार दुर्घटना हुँदा एक जनाको घटनास्थलमै मृत्यु भएको छ । झापाबाट इलामतर्फ जाँदै गरेको डब्लुबी २९ बी २९४४ नम्बरको ट्रक आज दिउँसो मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-१० गोदकस्थित बाह्रगोलाइमा दुर्घटना हुँदा सहचालक भारतको दक्षिण दिनेशपुर गंगारामपुरका ३८ वर्षीय सुवास बर्मुनको घटनास्थलमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । बाँकी 4 पेजमा ▸▸

**हंसे दुम्से सामुदायिक वन उपभोक्ता समिति**
**दमक-२,३ झापाको**

**निर्वाचन सम्बन्धी सूचना**

झापाको दमक २ र ३ मा रहेको हंसे दुम्से सामुदायिक वन उपभोक्ता समितिको निर्वाचन सम्बन्धी कार्यक्रमहरु पुरा क्रममा यही मिति २०८३ साल भाद्र २१ गते विभिन्न पदमा मतदान हुने भएकाले सम्पूर्ण परिषद् सदस्यहरुले तोकिएको समयमा उपस्थित भई मतदानमा सहभागी हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**
◆ मिति : २०८३ भाद्र २१ गते
◆ समय : बिहान ८ बजेदेखि २ बजेसम्म
◆ स्थान : उपभोक्ता समितिको कार्यालय

**गोमादेवी प्रसाई**
निर्वाचन संयोजक

# सम्पादकीय

## साझा संकल्प आवश्यक

देशका विभिन्न भूभागमा गएको विनाशकारी भीषण बाढी र पहिरोले जनधनको ठूलो क्षति पुऱ्याएको छ । जलविद्युत् आयोजनाका सुरुङ, मुख्य सडक सञ्जाल र तटीय क्षेत्रका बस्तीहरु गम्भीर संकटमा परेपछि यतिबेला मुलुकभर त्रास र अन्योलको वातावरण सिर्जना भएको छ । प्राकृतिक विपद्को यस संवेदनशील घडीमा सत्ता र प्रतिपक्षबीच देखिएको वैचारिक द्वन्द्व र राजनीतिक आरोप-प्रत्यारोपले आम नागरिकलाई थप निराश बनाएको छ । तसर्थ, दलगत सीमा र स्वार्थबाट माथि उठेर साझा संकटको सामना गर्नु आजको पहिलो र अपरिहार्य आवश्यकता हो ।

विपद्को जोखिम उच्च भएलगत्तै राज्यका तर्फबाट भएको सक्रियतालाई सकारात्मक रुपमा लिनुपर्छ । प्रतिकूल मौसम र कठिन भौगोलिक अवस्थाका बाबजुद नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका टोलीले ज्यान जोखिममा राखेर गरिरहेको उद्धार कार्य प्रशंसनीय छ । अवरुद्ध राजमार्गहरु सञ्चालनमा ल्याउन गरिएको प्रयास र जलविद्युत् आयोजनाका जटिल सुरुङलगायतका समस्या समाधानका लागि अपनाइएका प्राविधिक पहलहरुले सीमित स्रोत र साधनबीच पनि राज्य संयन्त्र गम्भीर रहेको पुष्टि गर्छन् । यस्ता सकारात्मक कदमहरुको खुलेर प्रशंसा र कदर हुनुपर्छ ।

अर्कातर्फ, लोकतन्त्रमा सरकारलाई खबरदारी गर्नु र कमी-कमजोरी औंल्याउनु विपक्षी दलहरुको संवैधानिक दायित्व हो । सरकारले सर्वपक्षीय संयन्त्रको अभाव सिर्जना गरेको, स्थानीय तहसँग समन्वय कमजोर रहेको र प्रचारमुखी शैलीमा रूमलिएको भन्दै विपक्षीहरुले असन्तुष्टि जनाउनु स्वभाविकै हो । तर, संकटको यो बेला केवल आलोचना र विरोधमा मात्रै सीमित हुनुले समाधान दिँदैन । विपक्षी दलहरुसँग देशैभर फैलिएको विशाल कार्यकर्ता पङ्क्ति र युवा संगठनहरु छन् । सरकारको आलोचना मात्र गर्नुभन्दा आफ्ना तल्ला तहका संयन्त्रहरुलाई राहत संकलन, भग्नावशेष पन्छाउने र प्रभावितहरुको पुनर्स्थापनामा प्रत्यक्ष रुपमा परिचालन गर्नु उनीहरुको रचनात्मक दायित्व हो ।

विपद्ले कुनै राजनीतिक विचारधारा वा दलीय सीमा हेर्दैन । तसर्थ, सरकारले पनि विपक्षी दलहरुले उठाएका जायज माग र परामर्शलाई गम्भीरतापूर्वक लिँदै राहत तथा उद्धार कार्यलाई थप समावेशी र पारदर्शी बनाउनुपर्छ । अहिले एक-अर्कालाई दोषारोपण गर्ने र विरोधका लागि विरोध गर्ने बेला होइन, सबै मिलेर उद्धार, राहत र पुनर्सरचनामा जुट्ने बेला हो ।

### प्रेरक प्रसंग

## सेरूको घमन्ड

सेरू नामको सिंह जंगलकै सबैभन्दा कुशल र क्रूर सिकारी मानिन्थ्योरू। आफ्नो समूहका साथमा उनले कैयौँ अर्ना, हरिण र अन्य जनावरको सिकार गरेको थियो ।


समय क्रममा बिस्तारै सेरूमा आफ्नो क्षमता र बलको घमन्ड बढ्न थाल्यो । एक दिन उसले समूहका साथीहरूसित भन्यो- साथी हो, आजदेखि जुनसुकै जनावरको सिकार गरे पनि सबैभन्दा पहिले म खान्छु, अनि मात्र त्यसलाई तिमीहरूले हात लगाउन पाउनेछौ । सेरूको मुखबाट यस्तो कुरा सुन्दा सबै आश्चर्यचकित भए । एक वृद्ध सिंहले सेरूलाई प्रश्न गऱ्यो- आज अचानक तिमीलाई के भयो ? तिमी के भनिरहेका छौ सेरू ?

सेरूले भन्यो- मैले अनौठो कुरा गरेको होइन । यहाँ जति पनि सिकार हुँदै आएका छन्, तिनमा सबैभन्दा ठुलो योगदान मेरै छ । मेरो शक्ति र हिम्मतले गर्दा नै हामीले सिकार गर्न सकेका हौँ । त्यसैले, सिकारमाथि पहिलो हक पनि मेरै हुनुपर्छ । अर्को दिन सिंहहरूको सभा बोलाइयो । अनुभवी सिंहहरूले सेरूलाई सम्झाउँदै भने- हेर सेरू, तिमी एक कुशल सिकारी हौरू। तर, सबैको आ-आफ्नो क्षमताअनुसारको योगदानले गर्दा नै हामी सिकार गर्न सफल भएका हौँरू। त्यसैले, सिकारमा सबैको बराबर हक हुनुपर्छ । यसमा जिद्दी नगर ।

सेरूलाई यो कुरा मन परेन । उसले भन्यो( ठिक छ, आजदेखि म एक्लै सिकार गर्छु । तिमीहरू मिलेर सिकार गर्नू । यति भनेर सेरू आफ्नो बाटो लाग्योरू। केही समयपछि उसलाई भोक लाग्यो । उसले एक्लै सिकार गर्ने मन बनायो र नजिकै देखिएको अर्नाको झुण्डतिर गर्जंदै दौडियो । तर, पहिलेपहिले उसलाई देख्दा थरथर काँप्ने अर्नाले आज एकजुट भएर उसलाई भगाइदिए । त्यसपछि सेरू हरिणको झुण्डतिर अघि बढ्यो । तर, उसले फुर्तिला हरिणलाई फेला पार्न सकेन ।

अब भने सेरूलाई आफू शक्तिशाली भए पनि समूहको साथविना सिकार गर्न सम्भव नभएको अनुभव भयोरू। उसलाई आफ्नो निर्णयमा पछुतो भयोरू। ऊ आफ्नो समूहमा फर्कियो र गल्ती स्विकारेर सबैसँग माफी माग्यो । समूहले पनि उसलाई माफी दियोरू। फेरि एकपटक जंगल सेरूको गर्जनबाट काँप्न थाल्यो ।

## गायिका रिमालको अस्ट्रेलियाका सबै कार्यक्रम रद्द



दमक/ गायिका रचना रिमालले अस्ट्रेलियाका विभिन्न सहरमा आयोजना हुने भनिएका आफ्ना सबै सांगीतिक कार्यक्रम रद्द गरेकी छन् ।

नेपालमा हालै आएको विनाशकारी बाढीबाट ठूलो जनधनको क्षति भएकाले शोकको समयमा उत्सव मनाउनु उचित नहुने भन्दै रिमाल र आयोजकहरूले कार्यक्रम रद्द गर्ने निर्णय गरेका हुन् ।

एनआरएनए अस्ट्रेलियाको आयोजनामा तीजको अवसरमा अस्ट्रेलियाका विभिन्न सहरमा करिब १० वटा कार्यक्रम गर्ने तयारी थियो । कार्यक्रम रद्द गर्दै रिमालले आफू यथाशीघ्र नेपाल फर्किन लागेको बताएकी छन् ।

उनले विपत्तिमा परेका नागरिकको शीघ्र उद्धार र पीडित परिवारले राहत पाऊन् भन्ने कामना पनि गरेकी छन् । यसअघि उनले अस्ट्रेलियाबाटै बाढी पीडितलाई आर्थिक सहयोग गरेकी थिइन् ।

# अबको प्रश्न राहतमा पारदर्शिता



खगेन्द्र कार्की
khagendrakarki075@gmail.com

**भोटेकोशीको बाढीले नेपाली समाजको मानवीय शक्ति देखाइसकेको छ । अब सरकारले त्यसलाई सुशासनको उदाहरणमा बदल्न सक्नुपर्छ । जनताले गाँस काटेर दिएको सहयोगलाई सम्मान गर्ने सबैभन्दा राम्रो तरिका त्यसको पूर्ण सदुपयोग र पारदर्शी हिसाब देखाउनु अहिलेको आवश्यकता हो ।**

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीले नेपाली समाजलाई फेरि एकपटक मानवीय संवेदना, सहयोग र एकताको असाधारण उदाहरण देखाउने अवसर दिएको छ । विपत्तिले घरबार खोस्यो, परिवार छुटायो, रोजगारी र व्यवसाय बगायो । कति परिवारले आफन्त गुमाए, कति अझै आफ्ना प्रियजनको खबर पर्खिरहेका छन् । तर यस्तो अकल्पनीय पीडाका बीच देशभित्र र विदेशमा रहेका नेपाली, सरकार, निजी क्षेत्र, संघसंस्था तथा अन्तर्राष्ट्रिय समुदायबाट जुटेको सहयोगले मानवीयता अझै जीवित रहेको प्रमाण दिएको छ ।

यो सहयोगको सबैभन्दा महत्वपूर्ण पक्ष यसको स्रोत हो । सहयोग केवल ठूला उद्योगी, व्यवसायी वा सम्पन्न व्यक्तिबाट आएको छैन । आफ्नो दैनिक गुजारा चलाउन संघर्ष गरिरहेका नागरिकले समेत आफ्नो कमाइबाट रकम छुट्याएका छन् । बालबालिकाले बचत गरेको पैसा दिएका छन् । कतिपयले आफ्नो गाँस काटेर सहयोग गरेका छन् । त्यसैले राहत कोषमा जम्मा भएको प्रत्येक रूपैयाँको पछाडि एउटा भावनात्मक सम्बन्ध गाँसिएको छ- 'विपत्तिमा परेको अर्को नेपालीलाई बचाउनुपर्छ ।' यही कारण अब राज्यको सबैभन्दा ठूलो परीक्षा सहयोग जुटाउनु होइन, त्यसको सदुपयोग गर्नु हो ।

पछिल्लो सार्वजनिक विवरणअनुसार प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा करिब ८ अर्ब रकम जुटिसकेको प्रधानमन्त्री स्वयंले संसदमा जानकारी गराएका थिए । त्यो केही दिन अगाडि तथ्यांक हालसम्म पक्कै बढेको हुनुपर्दछ । त्यसबाट बाढी प्रभावित क्षेत्रका लागि एक अर्ब रूपैयाँ निकासा गरिसकिएको र त्यसपछि कोषमा अरू बाँकी रकम मौज्दात रहेको सरकारी विवरण सार्वजनिक भएको छ ।

तर यो रकमलाई 'राहतमा खर्च गर्न बाँकी पैसा' भनेर मात्र बुझ्नु पर्याप्त हुँदैन । यो जनताको विश्वासको रकम हो । त्यसमा देशभित्रका नागरिकको सहयोग मात्र छैन, विदेशबाट आएका प्रतिबद्धता र सहयोगसमेत जोडिएको छ ।

अन्तर्राष्ट्रिय समुदायबाट आएको सहयोगको आकार पनि उल्लेखनीय छ । भारतले पाँच चरणमा ७४ टन राहत तथा उद्धार सामग्री उपलब्ध गराइसकेको छ । चीनले ३० करोड रूपैयाँ र ५० टन राहत सामग्री उपलब्ध गराएको छ । पाकिस्तानबाट ८६ टन राहत सामग्री आउने क्रममा छ । संयुक्त राज्य अमेरिकाले ५ लाख अमेरिकी डलर र अस्ट्रेलियाले १० लाख अमेरिकी डलर सहयोगको प्रतिबद्धता जनाएका छन् । संयुक्त अरब इमिरेट्सले ८३ टन सामग्री उपलब्ध गराइसकेको र १ करोड अमेरिकी डलरसम्म सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। कतारले ४० टन राहत सामग्री दिएको छ । बेलायतले ५० लाख पाउन्ड, युरोपेली संघअन्तर्गत २० लाख युरो तथा स्विट्जरल्यान्ड, जर्मनी, डेनमार्क, आयरल्यान्ड, चेक गणतन्त्र र नर्वेलगायतले पनि आर्थिक सहयोगको घोषणा गरेका छन् । विकसित देशका आइएनजीओ वा संस्थाहरूले करोडौं डलर सहयोग दिएका छन् ।

एडीबीले मात्रै उद्धार तथा राहतका लागि ५० लाख अमेरिकी डलरको आपत्कालीन अनुदान स्वीकृत गरेको छ । उक्त रकम खोज तथा उद्धार उपकरण, खाद्यान्न, सुरक्षित खानेपानी, औषधि, अस्थायी आवास र भग्नावशेष हटाउने काममा प्रयोग हुने भनिएको छ ।

प्रतिबद्धता गरिएको रकम र नेपालमा प्राप्त भइसकेको रकम एउटै होइन भन्ने कुरामा स्पष्ट हुनुपर्दछ । सरकारले नागरिकलाई राहतको वास्तविक तस्वीर देखाउँदा कुन सहयोग प्राप्त भयो, कुन घोषणा मात्र भयो र कुन कार्यान्वयनको प्रक्रियामा छ भन्ने छुट्टाछुट्टै विवरण सार्वजनिक गर्नुपर्छ । पारदर्शिताको सुरूवात नै तथ्य स्पष्ट राख्नबाट हुन्छ ।

सरकारले राहत वितरणमा 'एकद्वार प्रणाली' लागू गरेको छ । यसको उद्देश्य विभिन्न व्यक्ति, संस्था र निकायबाट आउने सहयोगलाई व्यवस्थित गरी दोहोरो वितरण, अनियमितता र पहुँचका आधारमा हुने राहत रोक्नु हो । तर व्यवहारमा संघीय तहबाट मात्रै वितरण गर्दा प्रभावितसम्म राहत पुऱ्याउन कठिन भएको गुनासो आएपछि स्थानीय तहलाई वितरणको 'फ्रन्टलाइन' मा ल्याइएको छ । अहिले संघीय सरकारले स्रोत जुटाउने, प्रदेश सरकारले समन्वय गर्ने र स्थानीय तहले वडा तहसम्म एकद्वार प्रणालीबाट राहत वितरण गर्ने कार्यविभाजन गरिएको छ ।

यो निर्णय व्यावहारिक देखिन्छ । किनकि काठमाडौंमा बसेर कुन बस्तीमा चामल चाहिएको छ, कहाँ त्रिपाल चाहिएको छ, कुन परिवार विस्थापित छ र कुन परिवारले आफन्त गुमाएको छ भन्ने यथार्थ पहिचान गर्न सकिँदैन । त्यो जानकारी वडा र स्थानीय तहसँग बढी हुन्छ । त्यसैले वास्तविक पीडित पहिचान गरी आवश्यकताका आधारमा राहत वितरण गर्नु नै उचित बाटो हो ।

रसुवाको जिल्ला प्रशासन कार्यालयले भाद्र १८ गतेसम्मको राहत वितरण विवरणसमेत सार्वजनिक गरेको थियो । फेरी अर्को चरणको राहत वितरणको तालिका सार्वजनिक गर्नुपर्ने देखिन्छ । बुधबारसम्मको राहत वितरण विवरण हेर्दा आमाछोदिङ्मो, उत्तरगया, गोसाइँकुण्ड, कालिका र नौकुण्ड क्षेत्रका विभिन्न बस्तीमा चामल, दाल, चिउरा, तेल, नुन, चाउचाउ, बिस्कुट, पानी, त्रिपाल, सौर्य बत्ती, स्वच्छता सामग्री, औषधि तथा अन्य सामग्री पुऱ्याइएको देखिन्छ । कतिपय सामग्री हेलिकप्टरमार्फत दुर्गम बस्तीमा पुऱ्याइएको विवरण पनि छ ।

यसले एउटा सकारात्मक पक्ष देखाउँछ– राहत केवल गोदाममा थुपारेर राखिएको छैन, प्रभावित बस्ती र संस्थासम्म पठाइएको अभिलेख पनि राखिएको छ । तर अभिलेख राख्नु मात्र पर्याप्त हुँदैन । कति प्राप्त भयो र कति वितरण भयो भन्ने हिसाब मिल्नुपर्छ ।

यहीँबाट पारदर्शिताको अर्को महत्वपूर्ण प्रश्न उठ्छ । सरकारले राहतको विवरण सार्वजनिक गर्दा दाता, प्राप्त सामग्री वा रकम, भण्डारण स्थान, वितरण भएको स्थान, लाभग्राहीको संख्या र बाँकी मौज्दातसमेत नियमित रूपमा सार्वजनिक गर्नुपर्छ। नगद सहयोगको हकमा त झन् कुन खातामा कति जम्मा भयो, कुन शीर्षकमा कति निकासा भयो र कति खर्च भयो भन्ने विवरण नागरिकले सजिलै हेर्न सक्ने व्यवस्था हुनुपर्छ ।

राहत वितरणमा राजनीतिक हस्तक्षेपको सम्भावना पनि उत्तिकै गम्भीर विषय हो । पीडितको आवश्यकता होइन, पहुँच र चिनजान राहत पाउने आधार बन्न थाल्यो भने एकद्वार प्रणालीको अर्थ रहँदैन । त्यसैले स्थानीय तहमा सर्वदलीय सहजीकरण भए पनि अन्तिम मापदण्ड पीडितको वास्तविक अवस्था र आवश्यकता हुनुपर्छ । राहतमा दलको झन्डा होइन, पीडितको अधिकार देखिनुपर्छ ।

सरकारले तत्कालीन राहतपछि अब पुनःस्थापनातर्फ पनि ध्यान दिनुपर्नेछ । बाढीले घर मात्र बगाएको छैन; परिवारको आम्दानीको स्रोत, व्यवसाय, कृषि, पशुधन र पूर्वाधारसमेत नष्ट गरेको छ । अस्थायी त्रिपालले केही दिन धान्न सकिएला, तर त्यसले परिवारको दीर्घकालीन समस्या समाधान गर्दैन । त्यसैले राहत, पुनःस्थापना र पुनर्निर्माणलाई एउटै योजनामा जोड्नुपर्छ ।

त्यसका लागि अहिले प्राप्त सहयोगको ठूलो हिस्सा दीर्घकालीन पुनर्निर्माणमा कसरी प्रयोग गर्ने भन्ने स्पष्ट योजना आवश्यक छ । सडक, पुल, खानेपानी, विद्युत्, स्वास्थ्य संस्था, विद्यालय र जोखिमयुक्त बस्तीको पुनःस्थापनामा प्राथमिकता निर्धारण गर्नुपर्छ। आज राहत बाँडेर भोलि फेरि त्यही ठाउँमा अर्को विपत्ति दोहोरिने अवस्था आउन दिनु हुँदैन ।

यस काममा सरकार मात्र जिम्मेवार छैन । नागरिकको पनि भूमिका उत्तिकै महत्वपूर्ण छ । जसले एक सय रूपैयाँ सहयोग गरेका छन्, उनीहरूले पनि आफ्नो सहयोग कहाँ पुग्यो भनेर सोध्न पाउनुपर्छ । सञ्चारमाध्यमले राहत संकलनको प्रचार मात्र होइन, त्यसको खर्च र वितरणको निगरानी पनि गर्नुपर्छ । नागरिक समाज र सामाजिक संस्थाले तथ्यमा आधारित खबरदारी गर्नुपर्छ। राजनीतिक दलहरूले राहतलाई आफ्नो प्रभाव विस्तार गर्ने माध्यम बनाउन हुँदैन ।

आज तीन वर्षको बच्चाले दिएको सहयोग होस् वा दैनिक ज्यालाबाट बचाएर मजदुरले दिएको रकम वा हुनेखानेले दिएको लाखौं, करोडौंको सहयोग सबैको नैतिक मूल्य समान छ र हुनुपर्दछ, सोच, चिन्तन र व्यवहार सोही अनुसारको हुन आवश्यक पनि छ । किनकि सबैको विपत्तिमा परेको परिवारप्रतिको संवेदना छ । त्यसैले जनताले दिएको रकममा प्रशासनिक लापरबाही, राजनीतिक स्वार्थ वा भ्रष्टाचारको गन्ध पर्नु हुँदैन ।

राहत रकम पीडितमाथि राज्यको कृपा होइन, उनीहरूको अधिकार हो । राहतको प्रत्येक रूपैयाँको हिसाब हुन्छ, प्रत्येक सामग्रीको अभिलेख हुन्छ र प्रत्येक पीडितसम्म उसको आवश्यकता अनुसार सहयोग पुग्छ भन्ने स्पष्ट सन्देश सरकारले जनतामा पुऱ्याउनु उत्तिकै जरूरी छ ।

भोटेकोशीको बाढीले नेपाली समाजको मानवीय शक्ति देखाइसकेको छ । अब सरकारले त्यसलाई सुशासनको उदाहरणमा बदल्न सक्नुपर्छ । जनताले गाँस काटेर दिएको सहयोगलाई सम्मान गर्ने सबैभन्दा राम्रो तरिका त्यसको पूर्ण सदुपयोग र पारदर्शी हिसाब देखाउनु अहिलेको आवश्यकता हो । जनताले सहयोग गरिसकेको अवस्थाले अब सरकारको जिम्मेवारी त्यो विश्वास जोगाउने कसरतमा सरकार लाग्नु नै श्रेयस्कर ठहर्नेछ ।

### सामाजिक सञ्जाल

## *भूमिगत संरचनामा फसेकाको उद्धारमा सरकार चुक्यो : बराल*

### *करिब १८८ जना इन्जिनियर तथा प्राविधिक ओभरसियर बेपत्ता भएको दावी*

*दमक । नेपाल इन्जिनियर्स एशोसिएसनका अध्यक्ष इन्जिनियर सुवासचन्द्र बरालले भोटेकोशी बाढीपछि जलविद्युत् आयोजनाका भूमिगत संरचनामा फसेका व्यक्ति तथा कामदारको उद्धारमा सरकार गम्भीर रूपमा चुकेको आरोप लगाएका छन् ।*

*उनले बाढीको प्रकृति असाधारण रहेको सुरूवातमै स्पष्ट भए पनि त्यसअनुसार उद्धारका लागि आवश्यक प्रविधि, उपकरण र जनशक्ति तत्काल परिचालन गर्न नसकिएको बताए । नेपाल न्यूज बैंकसँग कुरा गर्दै बरालले सतह तथा टनेल बाहिर रहेका व्यक्तिको उद्धारमा सुरक्षा निकायले गरेको प्रयास प्रशंसनीय भए पनि भूमिगत संरचनामा फसेकाको उद्धारमा राज्यको तयारी कमजोर देखिएको टिप्पणी गरे ।*

*उनका अनुसार नेपालमा लामो समयदेखि सुरूङ निर्माणमा काम गरिरहेका प्राविधिक तथा निजी क्षेत्रसँग उपलब्ध उपकरण तत्काल परिचालन गर्न सकिन्थ्यो । त्यसबाट सम्भव नभए अन्तर्राष्ट्रिय स्तरका विशेषज्ञ र अत्याधुनिक उपकरण झिकाउनुपर्नेमा त्यसतर्फ पर्याप्त पहल हुन नसकेको उनको भनाइ छ ।*

*भूमिगत संरचनामा फसेकाको उद्धारमा पहिलो प्राथमिकता अक्सिजन, पानी, खाना र अन्य जीवनरक्षा सामग्री पुऱ्याउनु हुनुपर्ने बरालले बताए । त्यसपछि उपलब्ध साना उपकरणबाट उद्धार सुरू गर्दै क्रमशः ठूलो उपकरण प्रयोग गर्नुपर्ने उनको भनाइ छ ।*

*नेपाल इन्जिनियर्स एशोसिएसनले विपद्को सुरूवातमै सरकारलाई प्राविधिक सहयोग गर्न तयार रहेको जानकारी गराए पनि आवश्यक उपकरणकै अभाव देखिएको बरालले बताए । 'हामीसँग ज्ञान र विज्ञता छ, तर विज्ञलाई फिल्डमा पठाएर पर्याप्त उपकरण नदिएपछि जटिल उद्धार सम्भव हुँदैन,' उनले भने ।*

*बरालका अनुसार विभिन्न जलविद्युत् आयोजना तथा क्षेत्रमा काम गर्ने करिब १८८ जना इन्जिनियर तथा प्राविधिक ओभरसियर समूहमा काम गर्ने जनशक्ति बेपत्ता भएको प्रारम्भिक विवरण छ । उनीहरूको अवस्थाबारे यकिन विवरण संकलन भइरहेको उनले बताए ।*

*चिलिमे, रसुवागढी, लाङटाङ, अपर त्रिशूली-१ र अपर त्रिशूली-३ एलगायत आयोजनाका भूमिगत संरचनामा बाढीले क्षति पुऱ्याउँदा त्यहाँ कार्यरत प्राविधिक तथा कर्मचारी फसेको उनले बताए । सामान्य अवस्थामा भूमिगत संरचना सतहभन्दा सुरक्षित मानिए पनि यसपटकको बाढीको असाधारण प्रकृतिका कारण टनेल र पावर हाउससमेत प्रभावित भएको उनको विश्लेषण छ ।*

*बरालले मानवीय क्षति रोक्न पूर्वसूचना र प्रभावकारी सञ्चार प्रणाली अत्यावश्यक रहेको बताए । 'भौतिक संरचना जोगाउन नसकिए पनि अर्ली वार्निङ सिस्टम र प्रभावकारी सञ्चार भएको भए मानिसको ज्यान जोगाउन सकिन्थ्यो,' उनले भने ।*

*उनले सडक सञ्जाल अवरूद्ध हुनु उद्धारमा चुनौती भए पनि त्यसलाई बहाना बनाउन नहुने बताए । हेभी इक्विपमेन्ट एयरलिफ्ट गर्न सक्ने क्षमता विकास गर्नुपर्नेमा जोड दिँदै उनले नेपाली सेनासँग रहेका एमआई-१७ हेलिकप्टरबाट ठूला मेसिनरी लैजान नसक्दा पनि समस्या भएको बताए ।*



*भोटेकोशी घटनाबाट सरकारले पूर्वाधार निर्माण र विपद् व्यवस्थापनसम्बन्धी नीति पुनरावलोकन गर्नुपर्ने बरालको भनाइ छ । सडक, पुल, बस्ती र जलविद्युत् आयोजना निर्माण गर्दा चरम बाढीको जोखिमलाई डिजाइनमै समेट्नुपर्ने उनले बताए ।*

*उनले अत्यावश्यक उद्धार उपकरणको भण्डारण, दक्ष जनशक्तिको तयारी, अन्तर्राष्ट्रिय उद्धार संयन्त्रसँग समन्वय तथा प्रभावकारी पूर्वसूचना प्रणाली विकास गर्न सरकारलाई सुझाव दिएका छन् । एशोसिएसनले बेपत्ता इन्जिनियर तथा प्राविधिकको खोजी, पीडित परिवारसँग समन्वय, रोकिएको पारिश्रमिक तथा बिमा भुक्तानी र मृतकका बालबालिकाको शिक्षाका लागि समेत सहजीकरण गरिरहेको बरालले जानकारी दिए ।*

## कुराकानी

# रथयात्राको सम्पूर्ण तयारी पूरा भइसकेको छ



*दमकमा २०७१ सालदेखि निरन्तर आयोजना हुँदै आएको रथयात्रा यस वर्षपनि आज २० गते सनिबार दिउसो २ बजेदेखि श्रीकृष्ण रथयात्रा प्रारम्भ हुँदैछ । रथयात्राको तयारी, रुड व्यवस्थापन, भण्डारा, लक्ष र उद्देश्यसहित अन्तिम तयारीबारे दमकस्थित श्रीकृष्ण रथयात्रा व्यवस्थापन समितिका अध्यक्ष रोहित आचार्यसँग पूर्वसन्देश दैनिकका लागि गरिएको कुराकानीः*



**रोहित आचार्य, अध्यक्ष**
श्रीकृष्ण रथयात्रा व्यवस्थापन समिति, दमक

**■ रथयात्रकाको तयारी पूरा भएको हो ?**

√ रथयात्राको सम्पूर्ण तयारी पूरा भइसकेको छ । हामीले रथ रूड कमाण्डदेखि प्रसादी तयारी, र भण्डारासम्मको तयारी गर्न विभिन्न उपसमिति बनाएर जिम्मेवारी दिइसकेका छौं । सबै समितिका साथीहरू काममा खटिनु भएको छ ।

**■ यो पटक पहिले भन्दा फरक प्रश्तुती हुने भन्ने छ नि ?**

√ हो, यो पटक रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीबाट ठूलो जनधनको क्षति भएपछि यस वर्ष दमकमा आयोजना हुने श्रीकृष्ण रथयात्रा भव्य उत्सवका रूपमा नभई भक्ति, प्रार्थना, श्रद्धाञ्जली र मानवीय सेवाको सन्देशसहित आयोजना गर्ने हाम्रो संस्थागत निर्णय नै भइसकेको छ । यसर्थ अहिले पहिलेको जस्तो डिजे बजाएर हा. हा. हो. हो. गरिँदैन, एकदम भक्तिपूर्वक भजन कृतन गरिन्छ ।

**■ रथयात्रामा मनोरञ्जनको पाटो चाहिँ के हो ?**

√ धार्मिक, सामाजिक संघ संस्थाहरूले साथ दिनुहुनेछ । कृतन नाचहरू हुनेछन् । इटहरीबाट ससस्त्र प्रहरी टोली बैण्ड बाजासहित उपस्थित हुनेछ । यसकासार्थ स्थानीय जातीय झाँकीहरू (सन्थाल, धिमालका जातीय संस्कृतिहरू, नेवारको लाखे नाच) प्रश्तुत गरिने तयारी छ । यसकासाथै यात्रको शुरूदेखि समापन सम्म नै भगवानका भजनहरू गाईनेछन् ।

**■ पूजाविधि चाहीं के छ नि ?**

√ भगवानका` भक्तीस्वरूप अघिल्लो दिनदेखिनै गुरू ज्यूहरूबाट विशेष अभिषेक महापूजा भइरूहेको छ, र आज पनि यो पूजा जारी रहने छ । यो पटकका पूजा र कृतन सबै महामारी र बाढीपहिरोमा ज्यान गुमाउनेहरूप्रति समर्पित हुनेछन् । यो पूजा शोकलाई सत्तीमा बदल्न सामर्थ मिलोस भन्ने कामना हो । यो पटक रथयात्राका क्रममा संकलन हुने दान-भेटी तथा स्वेच्छिक सहयोग पारदर्शी रूपमा व्यवस्थापन गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने छ । रथयात्रामा उठेको भेटीपनि बाढीप्रभावित क्षेत्रमा सहयोग गर्ने योजना छ ।

**■ रथयात्राको रूडतालिका कस्तो छ ?**

√ रथयात्राका क्रममा विभिन्न स्थानमा आरती तथा प्रार्थना गरिनेछ । दिउसो ठिक दुई बजे राधाकृण्ण मन्दिरबाट विधिपूर्वक रथ निकालिनेछ । त्यसपछि हनुमान मन्दिर, जेसीज चोक, देवकोटा चोक, पशुपति मन्दिर, शंखधर चोक, भृकुटी चोक, रातो पुल, भानुभक्त चोक पुगेर फागुनन्द चोकतर्फ मोडिने छ । त्यहाँबाट दमक नगरपालिका हुँदै बेलडाँगी रोड हुँदै पुन राधाकृष्ण मन्दिरमा पुगेर यात्रा विसर्जन गरिने कार्यतालिका छ । विचविचमा मुख्य स्थान र चोकहरूमा घरघरबाट घडासहित स्वागत तथा आरती र प्रार्थनाको कार्यक्रम राखिएको छ ।

**■ सुरक्षाको पूर्वतयारी के छ नि ?**

√ सुरक्षा व्यवस्थापनका लागि सशस्त्र प्रहरी बल पाथीभरा ३८ नम्बर गण, इलाका प्रहरी कार्यालय दमक र दमक नगर प्रहरीसँग समन्वय गरिएको छ । ट्राफिक व्यवस्थापनको जिम्मेवारी ट्राफिक प्रहरी कार्यालय, जीवनचक्र समाज र दमक नगर प्रहरीलाई दिइएको छ । यसका साथै दमक युथ क्लब, लायन्स क्लब, जेसीज, रोटरी क्लब तथा लियो लगायतका संस्थाका स्वयंसेवक परिचालन हुनेछन् । आकस्मिक अवस्थाका लागि तीनदेखि चारवटा एम्बुलेन्स तयारी अवस्थामा राखिनेछ ।

- प्रस्तुतीः
**विमल लामिछाने**

## पुस्तक-साभार

### राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव



✍ रविन्द्र मिश्र

# फालिएको कागजमा लेखिएको कथा

गतांकबाट ...अत्यन्तै जटिल परिस्थितिबाट गुजँदा पनि बुबा र काकामा चेतनाको स्तर अनौठो भएको प्रतीत हुन्छ। बुबाले आ`नो आत्मवृत्तान्तमा बाल्यकालदेखि नै चित्रकला, सङ्गीत, साहित्य र खासगरी त्यति बेला नाट्यकलामा रहेको आ`नो लगावबारे उल्लेख गर्नुभएको छ । रेडियो नेपालमा गीत रेकर्डिङ हुने व्यवस्था नहुँदै लाइभ गाउनुपर्ने जमानामा बुबा आफैले लेखेको र सङ्गीत हालेको हेलो, हेलो ज्ञाननानी, ओ माई डार्लिङ भन्देऊ मलाई नि शब्दको लगायत अन्य कैयौं गीत गाएको, आफैले कैयौं नाटक लेखन, निर्देशन गरेर तथा सङ्गीत भरेर चाबहिल, बौद्ध-महाँकाल क्षेत्रमा मञ्चन गरेको उहाँका समकालीनहरु बताउँछन् । बुबाले आ`नो आत्मवृत्तान्त एउटा कथाको कथाकारमा लेख्नुभएको छ, 'विभिन्न समयमा बालकृष्ण समको अमरसिंह, भीमनिधि तिवारीको विवाह, दौलतविक्रम विष्टको क्रान्ति जस्ता नाटक अभ्यास गरेर यातायात नभएको त्यो जमानामा घण्टाघरको आसपासबाट पैदल हिंडेर राति १०-११ बजे घर आइपुग्दा बालक भाइ कहिले सुतिसकेको हुन्थ्यो, कहिले टुकी बालेर पढिरहेको हुन्थ्यो । त्यसरी राति फर्किंदा कतिपय रातमा घरमा खाना नै बाँकी नहुने गरेको बुबाले मलाई बताउनुभएको छ । र भाइ कठ्याङ्रिदो जाडोमा सुकुलमा कक्रिएर सुतेको हुने गरेको कक्षा ६ र ४ मा पूर्ण रूपमा अनाथ भएर स्कुल छुटेका र पुनः स्कुलै जान नपाएका दुई जना बालकले असोचनीय स्तरको प्रतिकूल अवस्थाबाट पनि कसरी जीवनमा राम्रै प्रगति गरे भन्नेबारे जान्न म बुझ्ने भएदेखि नै उत्सुक थिएँ। बुबा र काकाले गाईबस्तु चराउन जाँदा नजिकैको पशुपति मित्र माध्यमिक विद्यालयमा पढ्ने अन्य केटाकेटीले प्रयोग गरेका या गरिसकेका किताबकापी मागेर पढ्ने गरेको र दिदीआमाले थोरै मात्र पैसा दिए पनि त्यसबाट कापीकलम किन्ने गरेको मलाई बताउनुभएको छ । त्यति मात्र होइन, उहाँहरूले बाटो र चौरमा फालिएका त्यति बेला पाइने गोल्ड `लेक चुरोटका बट्टालगायत कुनै पनि खाली कागजका टुक्रा टिपेर ल्याउने र त्यसलाई लेख्न प्रयोग गर्ने गरेको पनि मलाई उल्लेख गर्नुभएको छ । त्यसैले बुबा र काकाको जीवन फालिएको काजमा लेखिएको कथा हो।

दिन त्यसरी बित्दै जाँदा एउटा समय यस्तो आयो, जहाँ बुबालाई लाग्यो कि भाइले प्राइभेट एसएलसी दिए भने पास गर्न सक्छन् । दाइको प्रेरणामा काकाले १९ वर्षको उमेरमा ०१६ सालमा एसएलसी पास गर्नुभयो । आफूले एसएलसी पास गरेपछि उत्साहित हुनुभएका काकाले दाइलाई भन्न थाल्नुभयो, 'दाइ, मैले त पास गरे, तपाईंले नसक्ने झन् कुरै छैन। भाइले उत्साहित तुल्याएका दाइले पनि हौसिँदै दुई वर्षपछि ०१८ सालमा २५ वर्षको उमेरमा एसएलसी पास गर्नुभयो । दाजुभाइमा खुसीको सीमा रहेन । त्यसपछि जीवन थोरै सहज भयो । बुबाले कलाकारको जागिर खाएर र काकाले ट्युसन पढाएर कलेज पढ्न थाल्नुभयो। बुबाले एसएलसी पास गरेको दुई वर्षमै तत्कालीन पूर्वी पाकिस्तानको त्यति बेला दक्षिण एसियामै ललितकला अध्यापनका लागि विख्यात ढाका विश्वविद्यालयमा चित्रकला अध्ययन गर्न छात्रवृत्ति प्राप्त गर्नुभयो। ढाकाबाट पाँच वर्षमा फर्किएपछिको बुबाको जीवन पैसाका हिसाबले होइन, पेसागत निष्ठा, प्रतिष्ठा र स्वाभिमानका हिसाबले सदा अब्बल रह्यो ।

पैसा उहाँले कमाउने कुरै थिएन। उहाँसँग त्यो कमाउने ढङ्ग पनि थिएन । उहाँका बारे रमाइला कथा छन् । घरमा पालेको अत्यन्तै महँगो जर्सी गाईले एक दिन फुत्किएर अर्काको बारीको मकै खाइदिएपछि जग्गाधनी दुखेसो पोख्न आउँदा बुबाले गाई नै लैजाऊ, समस्यै खत्तम भनेर गाई नै दिई पठाइदिनुभएछ । अर्को पटक, १० वर्षअघि उल्लेख गरेको मूल्यमा १० वर्षपछि दुई रोपनी जग्गा बेचिदिनुभएछ । पछिल्लो घटनामा चाहिँ बौद्ध स्तूपको ठीक पछाडिको मूल्यवान् तीन रोपनी जग्गा बेचेर प्राप्त सबै रकम कत्ति पनि आयमूलक उद्देश्यका लागि प्रयोग नगरी निःशुल्क कलाशिक्षा प्रदान गर्न, साहित्य, कला र सङ्गीतसम्बन्धी गतिविधिका लागि निःशुल्क हल उपलब्ध गराउन अनि विदेशबाट नेपालमा आएर कला अभ्यास गर्नेहरूका लागि निःशुल्क आवासको व्यवस्था गर्न हर्मिताज कलाकुटी निर्माणमा खर्च गरेको म आफै साक्षी छु। धेरै वर्षसम्म उहाँले त्यसैगरी सो कलाकुटी सञ्चालन गर्नुभयो। आफू चाहिँ सधै परिवार चलाउन नै धौधौको स्थितिमा बस्नुभयो । क्रमशः...

## प्रेरक भनाइहरू

- *-जुन धन असाध्यै कठिनतासाथ प्राप्त हुन्छ, जसका लागि आफ्नो धर्म त्याग्नुपर्छ, जुन धन पाउनका लागि सत्रुको चाकडी गर्नुपर्छ, त्यस्तो धनमा मोह गर्नुहुँदैन । चाणक्य*
- *-आत्माले कमजोर र चरित्रले दुर्बल व्यक्तिसँग कहिल्यै मित्रता गाँस्नु हुँदैन । किनभने उनले तपाईंमाथि त्यसबेला आक्रमण गर्न सक्छ, जतिबेला तपाईं कमजोर हुनुहुन्छ । चाणक्य*
- *-मेहनत गर्नाले दरि[illegible]ता रहँदैन । धर्म गर्नाले पाप रहँदैन । मौन रहनाले कलह हुँदैन । र, जागरूक रहँदा भय हुँदैन । चाणक्य*
- *-पाँच बर्षसम्मको पुत्रलाई प्रेमले हुर्काउनुपर्छ । दश वर्षसम्म उनलाई कडा नियन्त्रणमा राखनुपर्छ । जब १६ बर्षको हुन्छ, तब मित्रको जस्तो व्यवहार गर्नुपर्छ । चाणक्य*






## स्वास्थ्य जानकारी

# मानिसको शरिरमा सुँगुरको मिगौलाले गर्यो २७१ दिनसम्म काम

*अमेरिकामा आनुवंशिक रूपमा परिमार्जित सुँगुरको मिर्गौलाले मानिसको शरीरमा २७१ दिनसम्म काम गरेको छ । म्यासाचुसेट्स जनरल अस्पतालका चिकित्सकहरूले ६६ वर्षीय टिम एन्ड्रयूजको शरीरमा सुँगुरको मिर्गौला प्रत्यारोपण गरेका थिए । मानव अङ्गको अभावका कारण वैज्ञानिकहरूले अन्य प्रजातिका जनावरको अङ्ग मानिसमा प्रत्यारोपण गर्ने प्रविधिमा अनुसन्धान गरिरहेका छन् ।*

*वासिङ्टन डीसी । अमेरिकामा आनुवंशिक रूपमा परिमार्जित सुँगुरबाट प्रत्यारोपण गरिएको मिर्गौलाले मानिसको शरीरभित्र २७१ दिनसम्म काम गरेको छ । चिकित्सकहरूका अनुसार मानिसमा सुँगुरको मिर्गौलाले यति लामो अवधिसम्म काम गरेको यो नै पहिलो पटक हो ।*

*म्यासाचुसेट्स जनरल अस्पतालका चिकित्सकहरूले २०२५ को जनवरी २५ मा ६६ वर्षीय टिम एन्ड्रयूजको शरीरमा सुँगुरको मिर्गौला प्रत्यारोपण गरेका थिए । अन्तिम चरणको मिर्गौला रोगबाट पीडित उनलाई टाइप-२ मधुमेहका कारण मिर्गौलाले काम गर्न छाड्दै गएको थियो । प्रत्यारोपण गरिएको मिर्गौलाले तत्कालै काम गर्न थालेको थियो । त्यसले २७१ दिनसम्म निरन्तर एन्ड्रयूजको शरीरबाट रगत फिल्टर गर्ने काम गर्‍यो । सन् २०२५ का अक्टोबरमा उक्त मिर्गौला हटाउनुपर्‍यो । त्यसपछि एन्ड्रयूजले ८२ दिनसम्म डायलाइसिस गराए । अन्ततः जनवरी २०२६ मा उनले मानव दाताबाट मिर्गौला पाए । यो मिर्गौलाले अहिले राम्रोसँग काम गरिरहेको चिकित्सकहरूले बताएका छन् । सुँगुरको मिर्गौलाले आफूलाई लामो समयसम्म डायलाइसिस मेसिनमा निर्भर हुनुपर्ने अवस्थाबाट मुक्ति दिएको एन्ड्रयूले बताए ।*

*मानव अङ्गको अभावका कारण वैज्ञानिकहरूले पछिल्लो समय अन्य प्रजातिका जनावरको अङ्ग मानिसमा प्रत्यारोपण गर्ने प्रविधिमाथि अनुसन्धान गरिरहेका छन् । अमेरिकामा मात्रै करिब एक लाख मानिस मिर्गौला प्रत्यारोपणको प्रतीक्षामा छन् । तर हरेक वर्ष करिब २५ हजार वटा मात्रै मिर्गौला प्रत्यारोपण हुने गर्छन् ।*

## मनोरञ्जन

# तीजका कार्यक्रम रोकिँदा कलाकार बेरोजगार

*दमक/ बाढीबाट सर्जित यस असहज परिस्थितिले तीजको अवसरमा आयोजना हुने देश-विदेशका पूर्वनिर्धारित कार्यक्रमहरु पनि धमाधम स्थगित भइरहेका छन् । यसले कलाकारहरूलाई बेरोगार बनाएको छ भने ठुलो आर्थिक घाटासमेत पर्न गएको छ ।*

*विपद्कै कारण गायिका रचना रिमालले अष्ट्रेलियामा तय भएका आफ्ना १० वटा कार्यक्रम स्थगित गरेकी छन् । अष्ट्रेलियामै रहेकी गायिका एलिना चौहानले पनि आफ्ना ६ वटा कार्यक्रम रद्द गरेर बाँकी कार्यक्रमको आम्दानी बाढीपीडितलाई सहयोग गर्ने घोषणा गरेकी छन् ।*

*विगतका वर्षहरूमा यो सिजनमा दैनिक दुई वटासम्म कार्यक्रममा व्यस्त रहने गायिका ज्योति मगर अहिले आफ्नो गृहजिल्ला दाङमा परिवारसँग छिन् । यो फुर्सद उनले आफैँ रोजेकी भने होइनन्, बाढी र प्राकृतिक विपत्तिका कारण कार्यक्रमहरु स्थगित हुँदा उनी फुर्सदिली बनेकी हुन् ।*

*यो समय कार्यक्रम गर्न नपाउँदा व्यक्तिगत रूपमा आफूलाई धेरै घाटा लागे पनि अहिलेको विपत्तिलाई व्यक्तिगत*



*घाटासँग तुलना गर्न नमिल्ने उनले बताइन् ।*

*'अहिले सिङ्गो देश नै पीडामा छ । यस्तो बेलामा सबै मिलेर यो भुमरीबाट देशलाई पार लगाउनुपर्छ,' उनले भनिन् ।*

*विगतमा यो समय दैनिकजसो कार्यक्रम हुने गरेको भए पनि अहिले नभएकोमा दुःख मान्नुभन्दा देशलाई यो परिस्थितिबाट कसरी उठाउने भन्ने चिन्ता आफूमा रहेको गायिका मगरले बताइन् । विपदमा आफूले सक्दो सहयोग गर्दै अरूलाई पनि सहयोगका लागि आह्वान गरेकी उनले विगतका विपद्हरूमा राहत वितरणमा देखिएका विसंगतिहरु यो वर्ष देखिनु नहुनेमा जोड दिइन् ।*

*यस्तै, नेपाली लोक सांगीतिक क्षेत्रका लोकप्रिय गायक बी[illegible] पंगेनी पनि यतिबेला फुर्सदिला छन् । वर्षभरि जस्तै व्यस्त रहने उनी राष्ट्रिय संकटको यस घडीमा कार्यक्रमहरु रोकिँदाभन्दा देशमा आइपरेको समस्यामा बढी चिन्तित छन् ।*

*यतिबेला व्यक्तिगत व्यावसायिक नोक्सानीभन्दा पनि पीडित नागरिकको उद्धार, राहत र पुनर्स्थापनामा राज्य तथा नागरिक समाजको ध्यान जानुपर्ने उनी बताउँछन् । 'विगतका वर्ष यो समय एकदिन पनि फुर्सद हुन्थेन । अहिले विपद् एक-दुई जनालाई परेको कुरा होइन, सिंगो राष्ट्रलाई परेको छ', गायक पङ्गेनीले भने, 'यो सम्पूर्ण मानव जातिसँग जोडिएको विषय हो । मानव अस्तित्वसँगै जोडिएको विषय हो ।'*

*यस्तो बेला आफूहरूले यो स्थितिबाट कसरी उठ्ने भन्ने विषयमा ध्यान दिइरहेको उनी सुनाउँछन् । गायिका बिन्दु परियारका लागि भने यो समय निकै भावुक र तनावयुक्त बनेको छ । विगतमा दर खाने कार्यक्रम र तीज विशेष मेलाहरूमा व्यस्त रहने उनी अचेल घरमै छिन् । कार्यक्रमहरु रद्द हुँदा उनी पीरमा छिन् ।*




आज मिति
२०८३ साल
भदौ २० गते
शनिबार
5 Sept. 2026
तिथि: नवमी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना: क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | भाइबैनीबाट सहयोग । पुरूषार्थ बढ्ने । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पढाईमा बाधा । सामान्य धन लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | किराना पसलबाट राम्रो । उत्तम भोजन । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | अंगमा केही समस्या । व्यापारबाट लाभ । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | शिक्षामा रूचि । कारोबारमा सफल |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | घाँटीमा सामान्य समस्या । व्यापारबाट लाभ । |
| तुला | रा री रु रे रो ता ती तु ते | छिमेकीसँग केही विवाद । धर्मकर्ममा सरिक । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | अंगमा पीडा । अकस्मात केही लाभ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | जीवन साथीको सहयोग । कारोबार राम्रो चल्ने । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मावलीको सहयोग । कृषि कार्यबाट लाभ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | मनमा अशान्ति कार्यमा ढिलाई । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | यातायातको साधनमा केही समस्या व्यवसाय ठिकठिकै चल्ने । |

# सशस्त्र प्रहरीद्वारा १५ करोड ५० लाख सहयोग

**दमक/** सशस्त्र प्रहरी बल, नेपालले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा संगठनका तर्फबाट १५ करोड ५० लाख रूपियाँ जम्मा गर्ने भएको छ । कर्मचारीको तलबबाट रकम कट्टा गरी उक्त कोषमा जम्मा गरिनेछ ।

यसैगरी, बाढीमा परी मृत्यु भएका सशस्त्र प्रहरी कर्मचारीका आश्रित परिवारलाई तत्काल २५ लाख रूपियाँ राहत उपलब्ध गराउने निर्णय गरिएको सशस्त्र प्रहरी बल, नेपालले जनाएको छ ।

राहत कोषमा योगदानका लागि सशस्त्र प्रहरी महानिरीक्षक र अतिरिक्त महानिरीक्षकहरूले १५ दिनको, नायब महानिरीक्षक र वरिष्ठ उपरीक्षकले १२ दिनको, उपरीक्षक, नायब उपरीक्षक र निरीक्षकले १० दिनको, जुनियर अधिकृतले सात दिनको, वरिष्ठ हवल्दारदेखि जवानसम्मले पाँच दिनको तथा सशस्त्र प्रहरी परिचरले तीन दिनको तलबबराबरको रकम योगदान गर्नेछन् ।

बिओपी टिमुरे र सुरक्षा बेस मैलुङमा कार्यरत रही सोही दिनको बाढीमा परी ज्यान जोगाउन सफल भएका सशस्त्र प्रहरी कर्मचारीको हकमा भने तलबबाट रकम कट्टा गरिने छैन ।

बाढीमा परी मृत्यु भएका सशस्त्र प्रहरी कर्मचारीका आश्रित परिवारलाई राष्ट्रसेवकका तर्फबाट तत्काल १५ लाख रूपियाँ, 'सशस्त्र प्रहरी कर्मचारीको मृत्यु भएमा निजको हकवाला–आश्रित परिवारलाई उपलब्ध गराउने राहतसम्बन्धी कार्यविधि, २०७९' बमोजिम पाँच लाख रूपियाँ तथा 'सशस्त्र प्रहरी बल, नेपाल विपद् प्रकोप राहत कोष सञ्चालनसम्बन्धी मापदण्ड, २०८१' बमोजिम पाँच लाख रूपियाँ गरी कुल २५ लाख रूपियाँ तत्काल उपलब्ध गराउने निर्णय भएको छ ।

यसका साथै मृतक कर्मचारीले कल्याण कोषबाट लिएको ऋणको भुक्तानी गर्न बाँकी सम्पूर्ण रकम मिनाहा गर्ने निर्णय गरिएको छ । मृतक कर्मचारीका सन्ततिलाई पायक पर्ने नेपाल एपीएफ स्कुलमा कक्षा १० सम्मको अध्ययनका लागि शैक्षिक शुल्क छुट गर्ने निर्णयसमेत गरिएको छ ।

बाढीका कारण सशस्त्र प्रहरी कर्मचारीका आश्रित परिवारका सदस्यको मृत्यु भएमा प्रतिव्यक्ति एक लाख रूपियाँ राहतस्वरूप तत्काल उपलब्ध गराइनेछ । सोही बाढीका कारण मृत्यु भएका सशस्त्र प्रहरी कर्मचारीको स्मृतिमा संगठनका तर्फबाट उपयुक्त स्थानमा स्मारक निर्माण गर्ने निर्णयसमेत भएको छ ।

मृत्यु भएका सशस्त्र प्रहरी कर्मचारीका आश्रित परिवारका एक–एक जना सदस्यलाई सीपमूलक तालिम प्रदान गरिनेछ । सोही दिनको बाढीमा परी ज्यान जोगाउन सफल पाँच जना सशस्त्र प्रहरी कर्मचारीलाई राहतस्वरूप जनही ५० हजार रूपियाँ तत्काल उपलब्ध गराउने निर्णय गरिएको छ ।

यसैगरी बाढी प्रभावित अवकाशप्राप्त सशस्त्र प्रहरी कर्मचारीको मृत्यु भएमा एक लाख रूपियाँ, घरबारविहीन भएमा एक लाख रूपियाँ तथा आंशिक रूपमा भौतिक संरचनामा क्षति पुगेका र घाइतेलाई ५० हजार रूपियाँसम्म तत्काल उपलब्ध गराउने निर्णय गरिएको सशस्त्र प्रहरी बल, नेपालका सहप्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए ।

### पाउँ पाथीभराको सहयोग

चारआली । विनाशकारी बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि चारआलीस्थित पाउँ पाथीभरा धाम समितिले १ लाख ११ हजार १११ रूपैयाँ सहयोग गरेको छ । झापाको मेचीनगर–१३ चारआलीस्थित पाउँ पाथीभरा उत्तरगंगा प्रवेशद्वार पर्यटन प्रवर्द्धन समितिले उक्त रकम सहयोग गरेको हो ।

समितिका अध्यक्ष लोकराज ढकालले विपद्का बेला बाढीपीडित परिवारलाई राहत पुगोस् भन्ने उद्देश्यले समितिको तर्फबाट उक्त रकम सहयोग गरिएको जानकारी दिए ।

धार्मिक तथा पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धनसँगै समितिले सामाजिक उत्तरदायित्वका कामलाई समेत अघि बढाउँदै आएको अध्यक्ष ढकालले बताए । उनका अनुसार समितिले धार्मिक आस्थाको केन्द्रका रूपमा रहेको पाउँ पाथीभरा क्षेत्रको संरक्षण, विकास तथा प्रचारप्रसारमा काम गर्दै आएको छ ।

२०७९ सालमा स्थापना पाउँ पाथीभरा धाम समितिले यसअघि पनि पाथीभरा क्षेत्रलाई व्यवस्थित र आकर्षक बनाउन विभिन्न सामाजिक तथा पर्यटन प्रवर्द्धनका गतिविधिमा सहकार्य गर्दै आएको छ ।

### धुलाबारी माविले दियो १ लाख बढी राहत

देशमा परेको प्राकृतिक विपत्ति तथा कठिन परिस्थितिमा राहत र उद्धार कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले मेचीनगर–१० स्थित धुलाबारी माध्यमिक विद्यालय परिवारले १ लाख ३१ हजार ४५० रूपैयाँ सहयोग गरेको छ ।

विद्यालयको बिहानी तथा दिवा सत्रमा अध्ययनरत विद्यार्थीहरूले क्याप्टेन ग्रुपको सक्रियतामा संकलन गरेको ४६ हजार ४५० रूपैयाँ र दुवै सत्रमा निजी स्रोतमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले संकलन गरेको ८५ हजार रूपैयाँ गरी कुल १ लाख ३१ हजार ४५० रूपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको हो ।

विद्यालय परिवारले उक्त रकम राष्ट्रिय वाणिज्य बैंक, धुलाबारी शाखामार्फत कोषमा जम्मा गरेको विद्यालयका सहायक प्रधानाध्यापक तेजप्रसाद चौलागाईंले जानकारी दिए ।

# चौकीदारसहित १८ कैदीबन्दी नियन्त्रणमा

**मोरङ/** विराटनगर महानगरपालिका–८ हाटखोलास्थित जिल्ला कारागार मोरङको 'बी ब्लक'मा रहेका कैदीबन्दीबीच शुक्रबार अपराह्न कुटाकुट भएको छ । कुटाकुट हुन थालेपछि कारागार प्रशासनले हस्तक्षेप गरी चौकीदार विशाल निरौलासहित १८ जना कैदीबन्दीलाई बाहिर निकालेको छ । उनीहरूलाई सुरक्षाका लागि जिल्ला प्रहरी कार्यालय मोरङ लगिएको कारागार प्रशासनले जनाएको छ ।

मोरङका प्रमुख जिल्ला अधिकारी युवराज कटेलका अनुसार कुटाकुटपछि नियन्त्रणमा लिइएका कैदीबन्दीलाई तत्काल कारागारभित्रै राख्न सकिने अवस्था नरहेकाले अन्यत्रका कारागारमा स्थानान्तरण गर्ने तयारी भइरहेको छ । उनीहरूलाई कुन–कुन कारागारमा पठाउने भन्ने टुंगो भने लागिसकेको छैन् ।

कारागार स्रोतका अनुसार 'बी ब्लक' कब्जा गरेर बसेका चौकीदारसहितका कैदीबन्दीलाई अन्य कैदीबन्दीले कुटपिट गरेका हुन् । कारागारभित्र आतंक मच्चाएको र अन्य कैदीबन्दीमाथि यातना तथा रकम असुली गरेको आरोप लगाउँदै उनीहरूमाथि कुटपिट भएको स्रोतको भनाइ छ ।

यसअघि कारागार प्रशासनले केही कैदीबन्दीलाई अन्यत्र स्थानान्तरण गर्ने तयारी गरेको थियो । स्थानान्तरणको सूचना पाएपछि उनीहरूले 'बी ब्लक'भित्रबाटै ताला लगाएर ब्लक कब्जा गरेको बताइएको छ । त्यसपछि प्रशासनले तत्काल हस्तक्षेप गर्न सकेको थिएन ।

शुक्रबार भने ब्लक कब्जा गर्ने र त्यसको विरोध गर्ने कैदीबन्दीबीच कुटाकुट भएको हो । स्थिति नियन्त्रणमा लिन सुरक्षाकर्मीको टोली कारागारभित्र पुगेपछि कुटाकुटमा संलग्न भनिएका १८ जनालाई बाहिर निकालेर प्रहरीको जिम्मा लगाइएको हो ।

कारागार स्रोतका अनुसार बाहिर निकालिएकामध्ये केही कैदीबन्दी आपराधिक पृष्ठभूमिका अभिषेक गिरीका समर्थक हुन् । गिरीको इसारामा चौकीदारसहित केही कैदीबन्दीले 'बी ब्लक' कब्जा गरेको आरोप छ ।

**दुर्घटनामा...**जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीका अनुसार दुर्घटनामा परी चालकसहित दुई जना घाइते भएका छन् । दुर्घटनामा ट्रक चालक भारतको दक्षिण दिनेशपुर गंगारामपुरका ३० वर्षीय रबिन बर्मुन र ट्रकमा सवार सिन्धुपाल्चोकको चौतारा नगरपालिका(३ का २९ वर्षीय आशबहादुर तामाङ घाइते भएका उनले बताए ।

घाइते दुवै जनालाई उपचारका लागि फिक्कल अस्पताल पठाइएको प्रहरीले जानकारी दिएको छ । ट्रक अनियन्त्रित भई सडकको दाहिने साइडबाट अन्दाजी पाँच मिटर तल झरी दुर्घटना भएको प्रनाउ भण्डारीले बताए । ट्रक इलामको तिल्केनी–सिमलगोलाई सडकअन्तर्गत इलाम नगरपालिका–१० र माईजोगमाई गाउँपालिका–४ जोड्ने जोगमाई खोलामा निर्माणाधीन बेलिब्रिजको सामग्री लिएर झापाबाट इलामतर्फ जाँदै गरेको प्रहरीले जनाएको छ ।

## अन्तर्राष्ट्रिय

# यमन झडपमा ८१ लडाकू मारिए

**दुबई/** यमनमा हुथी विद्रोही र सरकार समर्थित फौजबीच बिहीबारदेखि जारी झडपमा कम्तीमा ८१ लडाकू मारिएका छन् । सैन्य तथा चिकित्सकीय स्रोतका अनुसार सरकारी फौजतर्फ ३९ र हुथीतर्फ ४२ जनाको मृत्यु भएको छ । लाल सागरको तटीय क्षेत्र र ताइजमा भएको भिडन्तमा हुथीहरूले रकेट, ड्रोन तथा स्थल आक्रमण गरेपछि झडप चर्किएको हो । सरकारी स्रोतका अनुसार हुथीहरूले रणनीतिक बन्दरगाह सहर मोखालाई अन्य सरकारी नियन्त्रणका क्षेत्रबाट अलग पार्दै बाब अल–मन्दब जलघाँटी आसपास अघि बढ्ने प्रयास गरिरहेका छन् ।

एक दशकभन्दा लामो गृहयुद्धमा फसेको यमनमा सन् २०२२ को युद्धविराम कमजोर बनेपछि पुनः सैन्य तनाव बढेको छ । हुथीहरूले राजधानी सानासहित ठूलो भूभाग नियन्त्रणमा राखेका छन् भने अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारलाई साउदी अरब नेतृत्वको गठबन्धनले समर्थन गर्दै आएको छ ।

# ईयू सम्मेलनमा सहभागी हुने मोदीको तयारी

**भारत/** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आगामी डिसेम्बर महिनामा ब्रसेल्समा आयोजना हुने युरोपेली युनियन (ईयू) को शिखर सम्मेलनमा सहभागी हुने तयारी गरिरहेका छन् ।

छलफलमा सहभागी यी अधिकारीहरूका अनुसार मोदी डिसेम्बर १७ देखि १८ सम्म हुने युरोपेली काउन्सिलको वर्षको अन्तिम निर्धारित बैठकमा सहभागी हुन ब्रसेल्स जाने योजनामा रहेका छन् । यद्यपि, यो भ्रमण हालसम्म औपचारिक रूपमा पुष्टि भइसकेको छैन र परिस्थिति अनुसार योजनाहरु परिवर्तन पनि हुन सक्नेछन् । यो सम्भावित भ्रमण ईयू र भारतबीच स्वतन्त्र व्यापार सम्झौता निष्कर्षमा पुगेको र गत जनवरीमा सुरक्षा तथा रक्षा साझेदारीमा हस्ताक्षर भएपश्चात हुन लागेको हो ।

# कृष्ण जन्माष्टमीको अवसरमा स्व. ईश्वरीप्रसाद बरालको स्मरण



दमक । दमक नगरपालिका–३ ढुकुरपानीमा २०१८ सालदेखि निरन्तर बसोबास गर्दै आएको यज्ञनिधि–मनरूपा बराल परिवारले परिवारका ज्येष्ठ सुपुत्र स्वर्गीय ईश्वरीप्रसाद बरालको जन्मजयन्ती कृष्ण जन्माष्टमीको अवसरमा विशेष कार्यक्रम आयोजना गरी उहाँको स्मरण गरेको छ ।

बराल परिवारले ढुकुरपानीस्थित श्री रामचन्द्र मन्दिरमा कार्यक्रम आयोजना गरी ज्येष्ठ नागरिक, अगुवा तथा समाजसेवीहरूलाई सम्मान गरेको हो । कार्यक्रममा स्वर्गीय बरालको सामाजिक योगदान र व्यक्तित्वको स्मरण गर्दै उहाँप्रति श्रद्धासुमन अर्पण गरिएको थियो ।

कार्यक्रममा जनकल्याण कीर्तन समितिको सहयोग तथा सहरीकरणका भजन–कीर्तन समेत प्रस्तुत गरिएको थियो । भजन–कीर्तनमार्फत स्वर्गीय ईश्वरीप्रसाद बरालको योगदान र स्मृतिलाई जीवन्त बनाइएको परिवारले जनाएको छ ।

स्थानीय सामाजिक गतिविधि र धार्मिक कार्यमा लामो समयदेखि सक्रिय बराल परिवारले हरेक वर्ष विभिन्न अवसरमा सामाजिक तथा धार्मिक कार्यक्रम गर्दै आएको बताइएको छ । परिवारले ज्येष्ठ नागरिक तथा समाजमा योगदान पुऱ्याएका व्यक्तित्वलाई सम्मान गर्नु सामाजिक संस्कार र अग्रजप्रतिको सम्मानलाई निरन्तरता दिने प्रयास भएको जनाएको छ ।

कृष्ण जन्माष्टमीको धार्मिक अवसरलाई पारिवारिक तथा सामाजिक स्मरणसँग जोड्दै आयोजना गरिएको कार्यक्रममा स्थानीय ज्येष्ठ नागरिक, समाजसेवी, अगुवा तथा विभिन्न क्षेत्रका व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यक्रमले अग्रज पुस्ताको योगदानको सम्मानसँगै नयाँ पुस्तालाई सामाजिक तथा सांस्कृतिक मूल्यप्रति जोड्ने सन्देश दिएको सहभागीहरूले बताएका छन् ।

# शिक्षक हत्याको आरोपमा एक पक्राउ

**संखुवासभा/** मकालु गाउँपालिकामा–१ वालुङ चिर्खाङमा गोली हानेर एक शिक्षकको हत्या गरिएको घटनामा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

मकालु–१ चिर्खाङस्थित कालिका आधारभूत विद्यालयका प्रधानाध्यापक ३६ वर्षीय नरकुबिर खम्बु राईको गोली हानेर हत्या गरिएको घटनामा प्रहरीले एक शंकास्पद व्यक्तिलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख एवं प्रहरी नायब उपरीक्षक कुमारप्रसाद मैनालीले जानकारी दिए । प्रहरीले पक्राउ परेको व्यक्तिको पहिचान खुलाएको छैन ।




## खेल समाचार

# जेसीज सप्ताहमा खुल्ला ब्याडमिन्टन, खेलाडीहरूलाई सम्मान

**दमक/** दमक जेसीजले जेसीज सप्ताह २०२६ अन्तर्गत शुक्रबार दमकमा खुल्ला ब्याडमिन्टन प्रतियोगिताको आयोजना गरेको छ । दमक–७ स्थित नमूना ब्याडमिन्टन कभर्ड हलमा आयोजित प्रतियोगिताको उद्घाटन दमक–७ का वडाध्यक्ष तथा हलका संरक्षक भीमप्रसाद पौडेलले गरेका थिए । दमक जेसीज वर्ष २०२६ का अध्यक्ष राजेन्द्र बिमलीको अध्यक्षता तथा वडाध्यक्ष पौडेलको प्रमुख आतिथ्यतामा उद्घाटन कार्यक्रम सम्पन्न भएको थियो । प्रतियोगिताको उद्घाटनमा दमकका अग्रज खेलाडीहरू धनजीत रुमाहाङ राई, हस्तराज बेघा, खिलानन्द लावती र राजकुमार भट्टराईलाई दोसल्ला ओढाएर सम्मानपत्रसहित सम्मान गरिएको थियो ।

# भोटेकोशी बाढी : नवौँ दिनसम्म एक हजार २९३ शव भेटिए

**दमक/** रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण आज अपराह्नसम्म एक हजार २९३ जनाको शव भेटिएको छ । नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता एवम् डीआईजी अविनारायण काफ्लेका अनुसार रसुवामा १४०, नुवाकोटमा १८६, धादिङमा ६५, चितवनमा ३५९, गोरखामा ७२, तनहुँमा ३८, नवलपरासीपूर्वमा २२१ र नवलपरासीपश्चिममा १९४ र भारतमा भेटिएको (नवलपरासी पश्चिममा बुझाएको) १८ सहित एक हजार २९३ शव भेटिएका हुन् ।

घाइते भएकामध्ये दुईजनाको उपचारका क्रममा मृत्यु भएको छ । जसमध्ये एक जनाको टिचिङ अस्पताल र एक जनाको राष्ट्रिय ट्रमा सेन्टरमा मृत्यु भएको हो ।

भेटिएका शवहरूको पहिचानका लागि डिएनए नमूना सङ्कलनदेखि आवश्यक प्रक्रिया पूरा गरी हालसम्म २२२ महिला, ३५५ पुरूष र ४५३ नखुलेको गरी जम्मा एक हजार ३० वटा शव व्यवस्थापन गरिएको छ ।

शव पहिचानका लागि मृतकका एक हजार २६० र आफन्तका ८४६ गरी दुई हजार १०६ वटा डिएनए नमूना सङ्कलन गरिएको छ । यसका साथै पहिचान नभएका एक हजार २६३ शवको विवरण नेपाल प्रहरीको वेबसाइटमा पनि राखिएको प्रहरी प्रवक्ता काफ्ले जानकारी दिए ।

बाढी प्रभावित क्षेत्रमा उद्धार, खोजी, राहत वितरण, शव व्यवस्थापनलगायतका कार्यका लागि हालसम्म सात हजार ९१२ प्रहरी कर्मचारी परिचालन गरिएको छ ।

हालसम्म बेपत्ता चार हजार ८९८ जनाको खोजी भइरहेको छ । यसैगरी विभिन्न जिल्लामा रहेका होल्डिङ सेन्टरमा तीन हजार ६५५ जनालाई राखिएको छ । प्रहरीले बाढीको जोखिममा रहेका विभिन्न जिल्लाका विभिन्न घरपरिवारलाई सुरक्षित स्थानमा राख्ने, विभिन्न निकाय र स्थानीयवासीको समन्वय र सहयोगमा आवश्यक उद्धार एवम् खोजी गर्नुका साथै विभिन्न स्थानमा भएको बाटो अवरोध हटाइरहेको छ ।

**वडा......**कृष्णप्रसाद दुलालले शुक्रबार विज्ञप्ति जारी गर्दै शनिबार दिनको १ बजेका लागि बोलाइएको कार्यसम्पादन समितिको बैठक आइतबार दिउँसो १ बजेसम्मका लागि सारिएको जनाएका छन् ।

पार्टीभित्र देखिएको विवाद मिलाउनका लागि सभापति गगन थापाले इतर समूहका नेताहरु निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का र नेता डा. शेखर कोइरालासँग अनौपचारिक रूपमा कुराकानी गरिरहेका छन् ।

सभापति थापाले डा. शेखरपक्षीय नेताहरु जीवन परियार, बद्री पाण्डे र डा. गोविन्द पोखरेलमार्फत कुराकानी गरिरहेका छन् । डा. कोइरालाले पार्टी एकताका लागि राखेका ५ बुँदा कार्यान्वयनका लागि सभापति थापासहित संस्थापन सकारात्मक देखिएपछि कुरा मिल्ने सम्भावना देखिएको नेताहरु बताउँछन् ।

नेता डा. कोइरालाले पार्टीमा एकता कायम राख्नका लागि भन्दै १५औँ महाधिवेशनको लागि क्रियाशील सदस्यता अद्यावधिकलाई अनिवार्य नगर्ने, १४ औँ महाधिवेशन पछाडि नवीकरण गरिएका र वितरण गरिएका क्रियाशील सदस्यता कै आधारमा १५औँ महाधिवेशन गर्ने, १४ औँ महाधिवेशनको केन्द्रीय कार्यसमिति र विशेष महाधिवेशनको केन्द्रीय कार्यसमितिलाई समायोजन गरेर एउटै बनाउने, कार्य सम्पादनमा सभापतिको बहुमत हुने गरी गठन गर्ने, निर्वाचन समिति, क्रियाशील छानबिन समिति, अनुशासन समिति, विधान समिति र अन्य समितिहरु आपसी सहमतिबाट मात्रै बनाउने प्रस्ताव राखेका थिए । काँग्रेस स्रोतका अनुसार देउवा समूहमा पनि नेताहरु डा. शशांक कोइराला, विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला र प्रकाशमान सिंहबाहेक मिलेर जानुपर्ने पक्षमा देखिन्छन् ।

**छैन......**

स्थानान्तरणको सूचीमा छन् । भोजपुरमा २ हजार ९ सय ७२ घरहरु जोखिममा र १ सय २५ घरहरु स्थानान्तरण गर्नुपर्नेछ । तेह्रथुममा ५ सय ५१ घरहरु जोखिममा रहँदा ३६ घरहरु स्थानान्तरण गर्नुपर्नेछ भने खोटाङमा २ हजार ६ सय ७७ घरहरु जोखिममा र १ सय ७३ घरहरूलाई सुरक्षित स्थानमा सार्नुपर्नेछ । ताप्लेजुङमा कुल ३ हजार ५ सय १६ घरहरु जोखिममा रहँदा ४ सय ६३ घरहरु स्थानान्तरण गर्नुपर्ने अवस्था छ ।

प्रदेश सरकारको यो एकीकृत प्रतिवेदनले विपद्को गम्भीर चित्र प्रस्तुत गरेपछि पूर्वतयारी र उद्धार कार्यलाई तीव्र बनाउनुपर्ने चुनौती थपिएको छ । तत्काल स्थानान्तरण गर्नुपर्ने १७ हजार ३ सय ३७ घरहरूका लागि सुरक्षित आश्रयस्थलको व्यवस्थापन, पूर्वसूचना प्रणालीको प्रभावकारी सञ्चालन र सुरक्षा निकायहरूलाई उच्च सतर्कतामा राख्नुपर्ने आवश्यकता देखिएको छ । मनसुन सुरू भएसँगै हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागि तीनै तहका सरकार र विपद् व्यवस्थापनमा संलग्न निकायहरूबीच चुस्त समन्वय हुनुपर्नेमा जोड दिइएको छ ।

२०८२ असोज १८ र १९ गतेको वर्षापछि आएको बाढी र पहिरोका कारण इलाममा मात्रै ३९ जनाको ज्यान गयो । २६ जना घाइते भए । सबैभन्दा धेरै क्षति इलाम नगरपालिका वडा नम्बर ५ र ६ मा भयो । यस्तै सूर्योदय नगरपालिका, देउमाई नगरपालिका, माईजोगमाई, सन्दकपुर र माङसेबुङ गाउँपालिकामा भएको थियो । जिल्लामा त्यसबेला ३६५ घर पूर्ण रूपमा ध्वस्त भएका थिए भने ९४० घरमा आंशिक क्षति पुगेको थियो ।

# सूचना

मोरङ जिल्ला उर्लाबारी नगरपालिका वडा नं. ७ बस्ने भारतीय आर्मी नम्बर ९४२२०८९Y दर्जा नायक पल्टन 1/11GR को श्री महालाल हाङ्गामको नाति श्री धनबहादुर हाङ्गामको छोरा भारतीय सैनिक श्री उपेन्द्र लिम्बु (हाङ्गाम) को एक मात्र श्रीमती जिल्ला मोरङ उर्लाबारी नगरपालिका वडा नं. ७ बस्ने श्री आशबहादुर पालुङ्वाको नातिनी श्री मनकुमार पालुङ्वाको छोरी विमला पालुङ्वा लिम्बुको नाम श्रीमान्को भारतीय दस्तावेजमा श्रीमती विमला लिम्बु हाङ्गाम लेखिएको हुँदा अब उप्रान्त नेपाली नागरिकता बमोजिम नै श्रीमती विमला पालुङ्वा (लिम्बु) कायम गर्नको निम्ति सर्वसाधारणमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत

कार्यालय: दमक–५, झापा, फोन: ०२३–५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com